काठमाडौं महानगरपालिका

शिक्षा विभाग

काठमाडौं प्लाजा, कमलादी, काठमाडौं।

सूचना प्रकाशन मिति : २०८०/०३/२८

# कक्षा ११ मा छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीका लागि छात्रवृत्ति परीक्षाको अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना।

काठमाडौं महानगरपालिका भित्र सञ्चालित कक्षा ११ अध्यापन हुने संस्थागत शिक्षण संस्थामा शैक्षिक सत्र २०८०/०८१ का लागि छात्रवृत्तिमा विद्यार्थी छनोट गर्न सञ्चालन हुने परीक्षाका लागि मिति २०८० आषाढ २८ गते बिहान १०:०० बजेदेखि मिति २०८० श्रावण १२ गते राति ११:५९ बजेसम्म महानगरको वेबसाइट वा entrance.kathmandu.gov.np मार्फत अनलाइन आवेदन फाराम पेस (Online Application Form Submission) गर्न आह्वान गरिएको छ।

## १. छात्रवृत्ति परीक्षा सञ्चालन हुने कार्यक्रमहरुको विवरण

| क.सं. | विषय | परीक्षा हुने दिन |
|---|---|---|
| १ | Science/Management/ Humanities/ Education/ Law/ Technical | मिति २०८० श्रावण २० गते<br>बिहानको ११:०० बजेदेखि दिनको १:०० बजेसम्म |

उल्लिखित सबै कार्यक्रमको पूर्णाङ्क १०० र परीक्षा समयावधि दुई घण्टाको हुनेछ । उम्मेदवारले एकभन्दा बढी शैक्षिक विषयमा आवेदन फाराम पेस गर्न पाउने छैन ।

## २. अनलाइन आवेदन फाराम पेस गर्ने शुल्क र समय

| | |
|---|---|
| आवेदन शुल्क | नि:शुल्क |
| फाराम पेस गर्ने अन्तिम मिति | मिति २०८० श्रावण १२ गते राती ११:५९ बजेसम्म |
| **नोट** :- अनलाइन फाराम पेस (submit) गर्नुअघि सच्याउने (edit) तथा सुरक्षित (save) गर्ने प्रावधान राखिएको छ । फाराम सेभ गरी राखेर जतिपटक पनि विवरण सच्याउन पाइनेछ । फाराम पेस (submit) गरिसकेपछि फाराम सच्याउन सकिने छैन । | |

## ३. विभिन्न कार्यक्रममा आवेदन दिन आवश्यक न्यूनतम योग्यता

क. SEE मा न्यूनतम 1.6 GPA ल्याई पूरा गरेको

ख. सामुदायिक विद्यालयबाट अध्ययन गरी SEE पूरा गरेको

ग. संस्थागत विद्यालयमा १०% छात्रवृत्तिमा अध्ययन गरी SEE पूरा गरेको

घ. ल्याण्डफिल्ड साइडबाट प्रत्यक्ष प्रभावित क्षेत्र ककनी गाउँपालिकाको वडा नं १,२,३ र धुनिवेशी गाउँपालिकाका वडा नम्बर १,३,४ का स्थायी बासिन्दा

**४. प्रवेश परीक्षाको पाठ्यक्रम र उत्तीर्णाङ्क सम्बन्धी व्यवस्था**

(१) कक्षा १० को पाठ्यक्रममा आधारित अनिवार्य गणित, विज्ञान, अंग्रेजी विषयबाट ३०/३० प्रश्न र सामान्यज्ञानबाट १० प्रश्न सोधिनेछ ।

(२) छात्रवृत्ति परीक्षा उत्तीर्ण हुन न्यूनतम ४० प्रतिशत अंक प्राप्त गरेको हुनुपर्नेछ ।

(३) गलत उत्तरका लागि नेगेटिभ मार्किङ (negative marking) गरिने छैन ।

**५. अनलाइन आवेदन फाराम पेसगर्ने विधि तथा निर्देशनहरू**

क. अनलाइन फाराम यस महानगरको वेबसाइट www.kathmandu.gov.np वा entrance.kathmandu.gov.np मा उपलब्ध हुनेछ। सो आवेदन फाराम तोकिएको समयावधिभित्र अनलाइन माध्यमबाट मात्र पेस गर्न सकिनेछ।

ख. अनलाइन फाराम भर्न चाहिने आवश्यक कागजात (स्क्यान/फोटो)

- SEE प्रवेश पत्र
- हालसालै खिचिएको पासपोर्ट साईजको फोटो
- नागरिकताको प्रमाण पत्र वा जन्म दर्ताको प्रमाण पत्र
- SEE वा सो सरहको मार्कसिट र चारित्रिक प्रमाण पत्र
- सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीका लागि अनुसूची १ बमोजिमको सिफारिस
- संस्थागत विद्यालयमा छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीका लागि अनुसूची २ बमोजिमको सिफारिस
- आरक्षणका लागि आवश्यक प्रमाण कागजात ।
- छात्रवृत्ति प्रयोजनका लागि तोकिएको आरक्षित समुहमा फाराम भर्नेको हकमा बुँदा नं. ७ मा उल्लेख भएबमोजिमका प्रमाण पत्र
- सिफारिसको ढाँचा यसै सूचनाको अन्तिममा संलग्न छ ।

ग. पेस गरेका विवरणहरु झुठो ठहरेमा त्यस्ता उम्मेदवारहरूको आवेदन फाराम रद्द गरिनुका साथै भर्ना भइसकेको भए पनि भर्ना समेत रद्द गरी शैक्षिक कार्यक्रमबाट निष्काशन गरिनेछ ।

घ. अनलाइन फाराम भर्नका लागि SEE प्रवेश पत्रको विवरण भर्नुपर्नेछ र सो विवरण मिलेमा मात्र मुख्य फाराम खुल्नेछ ।

ङ. सम्बन्धित विवरण रुजु भएपछि अनलाइन फारामको मुख्य पेज खुल्नेछ। यो पेजमा आफूसँग सम्बन्धित विवरणहरू माग गरिएअनुसार भर्नुपर्नेछ । माग गरिएका सबै विवरणहरू भरे पश्चात स्वघोषणा स्वीकार (self-declaration statement accept) गर्नुपर्नेछ । सो नगर्दासम्म फाराम सुरक्षित (save) गर्न सकिनेछैन । फाराम सुरक्षित (save) गर्दा त्रुटी हुन आएमा, केही विवरण भर्न छुटेमा वा मागअनुसारको विवरण नभएका ठाउँहरूमा रातो अक्षरले दर्शाएको हुन्छ । सो विवरणहरू सच्याई पुनः माथिबाट सम्पूर्ण विवरणहरू रुजु गरी फाराम भर्नुपर्नेछ ।

च. एकपटक फाराम भरेर सुरक्षित (save) गरेपछि सो फाराम पेस (Submit) नगर्दासम्म जति पटक पनि सच्याउन सकिनेछ ।

छ. आफ्ना सबै विवरणहरू भरि सकेर सुरक्षित (save) गरे पश्चात् अर्को पेजमा आफूले भरेको एकमुष्ट विवरण देखिनेछ। पुनः माथिबाट सम्पूर्ण विवरण सही भए/नभएको जाँच गरी सही नभएमा पेजको माथि दिइएको संशोधन गर्ने बटन (edit button) मा क्लिक (click) गरी सच्याउन सकिनेछ। आफूले भरेको विवरण ठिक भएमा पेस गर्ने बटन (submit button) मा क्लिक (click) गर्ने । सो button क्लिक (click) गरे पश्चात सुनिश्चित गर्ने बक्स (confirmation box) आउँछ र आफूले भरेको विवरण सही भएमा ठिक बटन (OK button) मा क्लिक (click) गर्ने ।

***फारम अनलाइन पेस (form submit) भएपश्चात कुनै पनि विवरण सच्याउन सकिने छैन***

ज. फोटो तथा अन्य आवश्यक डकुमेन्ट अपलोड वेवसाइटमा दिइएको निर्देशनबमोजिम अपलोड गर्नुपर्नेछ ।

झ. आवेदन फारम अनलाइन पेस (form submit) भएपश्चात सुनिश्चित गर्ने पृष्ठ (confirmation page) देखिनेछ जसलाई प्रिन्ट तथा डाउनलोड गर्न सकिनेछ।

***(Note: Confirmation Page भनेको Admit Card नभई Online Form भरेको प्रमाण मात्र हो )***

**६. छात्रवृत्तिमा छनोट सम्बन्धी व्यवस्था**

छात्रवृत्ति परीक्षा सञ्चालनका लागि देहायको प्रतिशतका आधारमा छात्रवृत्ति सिट वितरण गरिनेछः-

(१) संस्थागत विद्यालयले उपलब्ध गराउने १० प्रतिशत छात्रवृत्तिलाई सतप्रतिशत मानी देहायबमोजिमका प्रतिशतमा छात्रवृत्ति उपलब्ध गराइनेछ ।

(क) सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई ४० प्रतिशत

(ख) संस्थागत विद्यालयमा छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीलाई ५ प्रतिशत

(ग) काठमाडौं महानगरपालिकाभित्र स्थायी बसोबास भएका सबै विद्यार्थीका लागि ९ प्रतिशत

(घ) ल्याण्डफिल्ड साइड प्रभावित क्षेत्रमा बसोबास भई सोही क्षेत्रको विद्यालयमा अध्ययन गरेका विद्यार्थीका लागि १ प्रतिशत

(२) बुँदा नं (१) बमोजिम प्रतिशत निर्धारण गरी बाँकी रहेको ४५ प्रतिशत सिटलाई शतप्रतिशत मानी सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीको हकमा लागू हुनेगरी देहाय प्रतिशतका आधारमा आरक्षण छात्रवृत्ति सिट वितरण गरिनेछ:

| | | |
|---|---|---|
| (क) | छात्रा | ३३ प्रतिशत |
| (ख) | आदिवासी/जनजाति | १५ प्रतिशत |
| (ग) | मधेशी | १२ प्रतिशत |
| (घ) | खस आर्य | १७ प्रतिशत |
| (ङ) | दलित | ९ प्रतिशत |
| (च) | मुस्लिम | २ प्रतिशत |
| (छ) | थारु | ४ प्रतिशत |
| (ज) | अपाङ्गता भएको व्यक्ति | २ प्रतिशत |
| (झ) | पिछडिएको क्षेत्रका व्यक्ति | ४ प्रतिशत |
| (ञ) | शहिद/वेपत्ता पारिएका नागरिकको परिवार/द्वन्दपिडित नागरिकको परिवार | २ प्रतिशत |

नोट: यस खण्डको प्रयोजनका लागि पिछडिएको क्षेत्रको व्यक्ति भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास गरिरहेको व्यक्तिलाई जनाउँछ ।

(३) आरक्षण क्षेत्रमा तोकिएबमोजिमको संख्यामा विद्यार्थी उपलब्ध नभएमा काठमाडौं महानगरवासीलाई प्राथमिकता दिइनेछ भने सो संख्यासमेत उपलब्ध नभएमा स्वत: बुँदा १ (क) मा जानेछ ।

(४) बैकल्पिक तथा धार्मिक विद्यालयमा अध्ययन गरेको भए सामुदायिक विद्यालय सरह मानिनेछ।

**७ . सिफारिस पेस गर्नुपर्ने:**

(१) आरक्षित समूहमा उम्मेदवार हुन चाहने व्यक्तिले आफू सो समूहमा पर्ने व्यहोरा प्रमाणित हुने गरी देहायका निकायबाट सिफारिस गराई आवेदन साथ पेस गर्नुपर्नेछ:-

(क) शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाको परिवार र द्वन्द्व पीडित समूहका व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट,

(ख) अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम र पिछडिएको क्षेत्रका व्यक्तिले बसोबास भएको स्थानीय तहको वडा कार्यालयबाट,

(ग) सामुदायिक विद्यालयमा अध्ययन गरेको व्यक्तिले अनुसूची १ बमोजिमको ढाँचामा सामुदायिक विद्यालयमा अध्ययन गरेको पुष्टि हुने सम्बन्धित विद्यालयको पत्र ।

(घ) पिछडिएको क्षेत्रका व्यक्तिले सम्बन्धित स्थानीय तहको सिफारिस पेस गर्दा दरखास्त दिंदाका बखत निज सोही स्थानमा स्थायी बसोबास गरेको भनी प्रमाणित गरेको हुनुपर्नेछ र त्यस्तो व्यक्तिले सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नेपाली नागरिकता र सो नभएमा जन्म दर्ताको प्रमाणपत्र समेत पेस गर्नुपर्नेछ।

(ङ) घाइते वा अपाङ्गता भएका व्यक्तिले आवश्यक अन्य सिफारिसको अतिरिक्त दर्तावाल चिकित्सकबाट निज सो विषय अध्ययन गर्न सक्षम भएको व्यहोरा सहितको सिफारिस आवेदन साथ पेस गर्नुपर्ने छ।

**८. प्रवेशपत्र सम्बन्धी व्यवस्था**

छात्रवृत्ति परीक्षा हुने मितिभन्दा दुई दिन अघिदेखि प्रवेशपत्र प्रिन्ट गर्ने बटन (Print Admit Card button) मा क्लिक (click) गरी त्यहाँ माग गरिएको विवरणहरू भरी परीक्षार्थी स्वयम्ले प्रवेशपत्र प्रिन्ट गर्नुपर्नेछ।परीक्षा केन्द्रसम्बन्धी जानकारी प्रवेशपत्रमा उल्लेख हुनेछ ।

**९. छात्रवृत्ति परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था**

क. छात्रवृत्ति परीक्षा दिन आउँदा प्रवेशपत्र अनिवार्य रूपमा ल्याउनु पर्नेछ ।

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा विभाग, टाहाचल, काठमाडौं
२०७३

ख. प्रत्येक परीक्षार्थीको आवश्यक सुरक्षा जाँच गरिने हुँदा परिक्षार्थीहरू परिक्षा शुरु हुनुभन्दा कम्तीमा एकघण्टा अगावै परीक्षा केन्द्रमा उपस्थित हुनुपर्ने छ ।

च. परीक्षार्थीहरूले क्यालकुलेटर, पेजर, मोबाइल फोन, ब्लूटुथ, आइप्याड, ट्याबलेट लगायत अन्य कुनैपनि विद्युतीय उपकरण तथा वालेट, पर्स तथा घडी समेत परीक्षा केन्द्रमा लैजान पाइने छैन ।

छ. छात्रवृत्ति परीक्षा शुरु भएको १५ मिनेट पछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश दिइने छैन ।

ज. परीक्षाका लागि आवश्यक पर्ने कालो कलम ( Black Gel Pen) विद्यार्थी स्वयम्ले ल्याउनु पर्नेछ। आफूलाई सही लागेको उत्तर OMR sheet को बबल भित्र पुरै पोत्नु पर्दछ । लेखिसकेको उत्तर सच्याउन तथा टिपेक्स जस्ता करेक्टिङ मसिहरू प्रयोग गर्न पाइने छैन । सिसाकलम प्रयोग गरेको, खुर्केको, केरमेट गरेको, च्यातिएको वा टिपेक्स लगाएका उत्तरहरूको कुनै अङ्क प्राप्त हुने छैन।

झ. परीक्षार्थी निर्धारित समय दुई घण्टा समाप्त भएपछि मात्र परीक्षा हलबाट बाहिर जान पाउनेछन् ।

ञ. नक्कली परीक्षार्थी खडा गरी परीक्षा दिएमा वा दिन प्रयास गरेमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गरी प्रचलित कानुनबमोजिम कारवाही गरिनेछ ।

१०. **नतिजा प्रकाशन तथा भर्ना प्रक्रिया**

क. छात्रवृत्ति परीक्षाको नतिजा प्रकाशनसंगै Online Matching को मिति निश्चित गरिनेछ र योग्यताक्रमअनुसार Online Matching मार्फत परीक्षार्थी स्वयम्को रोजाइ र प्राथमिकताअनुसार उम्मेदवारको योग्यताक्रममा विद्यार्थी भर्ना नतिजा सूची प्रकाशन गरिनेछ ।

**प्राविधिक सहायताको लागि entrance@kathmandu.gov.np मा इमेल गर्न सकिनेछ ।**

शिक्षा विभाग
काठमाडौं महानगरपालिका

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा विभाग, ताहाचल, काठमाडौं
२०७३

## अनुसूची -१

जो जस सँग सम्बन्धित छ ।

. ................. ................. ............. जिल्ला ............................... गापा /नपा/उमनपा/मनपा स्थायी ठेगाना भएका श्री ........................................ का छोरा/छोरी ............................ ले ..... .. .. .. .. ...................... सामुदायिक विद्यालयबाट एसईई पुरा गरेको व्यहोरा प्रमाणित गर्दछु ।

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुटो ठहरे कानून बमोजिम सहुला बुझाउँला ।

दस्तखतः
विद्यार्थीको नाम,थरः
मितिः

दस्तखतः
प्रधानाध्यापकको नाम,थर
मितिः
विद्यालयको छाप

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा विभाग, ताहाचल, काठमाडौं
२०७३

## अनुसूची -२

मिति : २० । ।

श्री शिक्षा विभाग,
काठमाडौं महानगरपालिका,
काठमाडौं ।

**विषयः विपन्न सिफारिस गरिएको ।**

श्री ... ..... ..... ..... ....... को छोरा/छोरी . ..... ................ जिल्ला..... .................. गापा /नपा /उमनपा/मनपा ... वडा बस्ने वर्ष... को श्री .........................ले .... .. .. .. .. .. .. .... विद्यालयमा छात्रवृत्तिमा अध्ययन गरी एसईई पुरा गरेका विद्यार्थी हुन् । निज ..... ..... ..... ........ कारणले विपन्न भएको देखिँदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्ति परीक्षामा उम्मेद्वार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुटो ठहरे कानूनबमोजिम सहुला बुझाउँला ।

विद्यालयको

प्रधानाध्यापकको नामः
दस्तखतः
विद्यालयको छापः

सिफारिस गर्ने स्थानीय तहको

नामः
पदः वडा अध्यक्ष
दस्तखतः
कार्यालयको छापः